# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---------------------------------------------------------

नापी कार्यालय, दमक, झापामा कार्यरत नापी सर्वेक्षक बिनोद कुमार मण्डलले सेवाग्राहीको नाममा दर्ता कायम रहेका विभिन्न जग्गाहरुको कित्ता एकिकरण समेतको कार्य गरिदिए बापत घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय ईटहरीबाट खटिई गएको टोलीले निज नापी सर्वेक्षक बिनोद कुमार मण्डललाई रु.६,८०,०००।- (छ लाख असी हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज राष्ट्रसेवकलाई रु.६,८०,०००।- (छ लाख असी हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता